[१४] दरबार क्याम्पभित्रको घरकाज बनाउने काम ।

२ श्री मे. ज. योगविक्रमको यो नियुक्तिको सूचना नेपाल गजेटमा छाप्न र नेपाल सरकारका तमाम सेक्रेटरी र विभिन्न विभागका प्रधान कर्मचारीहरूलाई सूचना गर्न श्री ५ महाराजाधिराजबाट आदेश बक्सेको छ ।

गोविन्दनारायण —
श्री ५ महाराजाधिराजको---सेक्रेटरी.

## नेपाल बुरो अफ माइन्सको सूचना

नेपाल सरहदभित्र निम्न लिखित शर्तमा चून पोली निकासी गर्न पाउने भएको छ ।

१ हाललाई यो काम लिमिटेड कंपनी वा व्यक्तिगतबाट मात्र गराउने ।

२ सो काम गर्नलाई पाँच वर्गमीलको इलाकाभित्र काम गर्न पाउने गरिदिने।

३ सो काम गर्न पाएको इलाकाको हरेक वर्गमीलको रू. ५। पाँचको दरले सालिआना सफेसरेन्ट लिने गर्ने ।

४ सो कामको पट्टा पाउनेले पट्टाको इलाकाभित्र जति भट्टा राखी काम गर्दछ, सो भट्टाको वर्ष एकको रू. ५,०००। पाँच हजार रुपैयाँका दरले पेस्की सलामी लिने ।

५ सलामी बुझाउने भएकोले तयार गरेको चूनका निकासी पैठारी महसूल नलाग्ने गरो दिने ।

६ चून तयार गर्न लकडी चाहिएमा पट्टावालाले वनमन्त्रालयमार्फत जाहेर गरी चाहिंदो लकडी सरकारिया दरमा पाउने गरी निकासा गराई लिनुपर्ने ।

७ कसैले कोइलाबाट चून पोल्ने भै वा कुनै कारणबाट नेपाल भारत सीमानाको एक मिलभित्र भट्टा राखी चून पोल्ने रहेछ भने त्यसमा ४ दफाबाट लाग्ने सलामीमा रू २५०। दुइसय पचासका दरले थप सलामी लाग्ने गरिदिने ।

८ यो कामको पट्टा दिंदा ३ बर्षको निमित्त मात्र गरिदिने ।

ने. स. प्र. वि.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।